**मध्यपश्चिम विश्वविद्यालय**

# परीक्षा व्यवस्थापन कार्यालय

**सुर्खेत, नेपाल**

**सत्रान्त परीक्षा - २०८१**

**बी.एड./पाँचौं सेमेस्टर**

विषय: आधुनिक नेपाली खण्डकाव्य (नेपा.शि. ४५२/४५३)

---

सिम्बोल नं. ........................

**समूह 'क'** १०x१= १०

**सर्वोत्कृष्ट उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस् :**

१. कविताको मझौला रूपमा पर्ने काव्यको स्वरूप कुन हो ?
(क) खण्डकाव्य (ख) महाकाव्य
(ग) प्रवन्धकाव्य (घ) फुटकर कविता

२. तलका मध्ये परिष्कारवादी खण्डकाव्यकार को हुन् ?
(क) लेखनाथ पौड्याल (ख) लक्ष्मीप्रसाद देवकोटा
(ग) मोहन कोइराला (घ) माधवप्रसाद घिमिरे

३. 'ऋतुविचार' खण्डकाव्यमा खण्डकाव्यकारले प्रस्तुत नगरेको पक्ष कुन हो ?
(क) सांस्कृतिक (ख) प्राकृतिक
(ग) धार्मिक (घ) सामाजिक

४. 'कुञ्जिनी' खण्डकाव्य कुन विषयवस्तुमा आधारित छ ?
(क) ऐतिहासिक (ख) सामाजिक
(ग) राजनीतिक (घ) सांस्कृतिक

५. नाट्यकाव्यकार माधवप्रसाद घिमिरेको मुख्य नाट्यकाव्यगत विशेषता कुन हो ?
(क) स्वच्छन्दतावादी प्रवृति र प्रकृतिको अनुकरण
(ख) परिष्कारवादी प्रवृति र राष्ट्रियता
(ग) शाश्वत सन्देश र मानवता
(घ) स्वच्छन्दतावादी र परिष्कारवादी शिल्पशैलीको कुशल संयोजन

६. 'नदी किनाराका माझी' काव्यमा माझीहरुको अवतारको रुपमा कसलाई सङकेत गरिएको छ ?
(क) माछा (ख) मुखिया
(ग) नदी (घ) माझी

७. 'बन्दी र चन्द्रागिरी' काव्य मुलत: कुन चिन्तनसँग नजिक छ ?
(क) स्वच्छन्दतावादी (ख) प्रयोगवादी
(ग) प्रगतिवादी (घ) मार्क्सवादी

८. स्वच्छन्दतावादी धाराको प्रारम्भ गर्ने कृति कुन हो ?
(क) ऋतुविचार
ख) हिमाल वारि र पारि
(ग) नदी किनाराका माझी
(घ) मुनामदन

९. कवितात्मक शैलीमा लेखिएको नाटकीय रचनालाई के भनिन्छ ?
(क) नाट्यकाव्य (ख) महाकाव्य
(ग) नाटक (घ) काव्य

१०. खण्डकाव्यको स्वरुप कुन होइन ?
(क) आख्यानयुक्त वा आख्यान मुक्त
(ख) लयवद्ध वा लयमुक्त
(ग) जीवनको एक पक्षको चित्रण
(घ) जीवनको सर्वपक्षीय चित्रण

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८१

**बी.एड./पाँचौं सेमेस्टर** — **पूर्णाङ्क: ६०**

**समय: ३ घण्टा** — **उत्तीर्णाङ्क: ३०**

विषय: आधुनिक नेपाली खण्डकाव्य (नेपा.शि. ४५२/४५३)

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ ।*

**समूह 'ख'** — **६x५= ३०**

**तल दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :**

१. कविताको मझौला विधाका रूपमा खण्डकाव्यलाई चिनाउनुहोस् ।

२. नाट्यकाव्यका प्रकारहरूको चर्चा गर्नुहोस् ।

३. आधुनिक नेपाली खण्डकाव्यको स्वच्छन्दतावादी धारामा देखापरेका प्रवृतिहरूको चर्चा गर्नुहोस् ।

**अथवा**

आधुनिक नेपाली खण्डकाव्यको उत्तरवर्ती चरणका उपलब्धि र विशेषताहरूलाई प्रष्ट्याउनुहोस् ।

४. ऋतुविचार खण्डकाव्यको केन्द्रीय भाव तथा दार्शनिक दृष्टिकोणमाथि प्रकाश पार्नुहोस् ।

५. नाट्यकाव्यकार माधवप्रसाद घिमिरेका मुख्य नाट्यकाव्यगत प्रवृत्तिहरूको चर्चा गर्नुहोस् ।

६. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

माझी चिरेर माछाका पेटमा हेर्छ, लेहुमा हेर्छ
माछा पाएको दिन जता हेर्छ, रमाइलो दिन देख्छ
माछा पल्टाउँदा , ओल्टाउँदा
आफ्नो देह भेटेको लाग्छ, गाउँ भेटेको लाग्छ ।

**अथवा**

झुकेको छ सबै धान्य ठाडो छैन कुनै पनि
उपकारी गुणी व्यक्ति यस्तै हुन्छ जहाँ पनि ।

**समूह 'ग'** — **२x१०= २०**

**तल दिइएका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

७. कविता तत्वका आधारमा मोहन कोइरालाको नदी किनाराका माझी लामो कविताको विश्लेषण गर्नुहोस् ।

८. खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यगत प्रवृतिको चर्चा गर्दै केन्द्रीय कथ्यका आधारमा 'कुञ्जिनी' खण्डकाव्यको विवेचना गर्नुहोस ।

**अथवा**

नेपाली खण्डकाव्यको विकास प्रक्रिया उल्लेख गर्नुहोस् ।

**समाप्त**